# बागमती प्रदेशको शिक्षा नीति, २०७७

(प्रारम्भिक मस्यौदा)

प्रदेश सरकार

## सामाजिक विकास मन्त्रालय

बागमती प्रदेश,

हेटौंडा, मकवानपुर, नेपाल

# विषयसूची


१. पृष्ठभूमि ........ १

२.  विद्यमान अवस्था........ १

३. समस्या तथा चुनौतीहरु ........ २

४. दार्शनिक आधार ........ ३

५. शिक्षा नीतिको आवश्यकता ........ ४

६. दूरदृष्टि........ ४

७. लक्ष्य........ ४

८. उद्देश्य ........ ५

९. शैक्षिक नीति तथा कार्यनीति........ ५

१०. नीति कार्यान्वयनको संस्थागत तथा कानूनी व्यवस्था........ २५

११. स्रोत साधनको व्यवस्था ........ २६

१२. नीति कार्यान्वयनका जोखिम तथा जोखिम न्यूनीकरणका उपायहरु........ २६

१३. नीति परिमार्जन तथा संशोधन........ २७

# बागमती प्रदेशको शिक्षा नीति, २०७७

## १. पृष्ठभूमि

मुलुकको दिगो शान्ति, विकास, सुशासन र समृद्धिको आधार शिक्षा हो। व्यक्तिको सर्वाङ्गीण विकासमार्फत मर्यादित जीवन र सम्मानजनक रोजगारीको आधार पनि शिक्षा हो। मुलुकको आर्थिक सामाजिक रूपान्तरणको माध्यम पनि शिक्षा भएकोले नेपालको संविधानले शिक्षालाई मौलिक हकको रूपमा प्रत्याभूत गरी राज्यका निर्देशक सिद्धान्त तथा नीतिहरुमा शिक्षालाई नागरिकका आधारभूत आवश्यकताको रूपमा स्थापित गर्दै सबै नागरिकलाई शिक्षाको अवसर उपलब्ध गराउनु राज्यको दायित्व हुने संवैधानिक व्यवस्था गरिएको छ। नेपाललाई अल्पविकसित राष्ट्रहरूको सूचीबाट विकासोन्मुख राष्ट्रको सूचीमा समावेश गराउन र दिगो विकासका लक्ष्य बमोजिम समावेशी र समन्यायमा आधारित गुणस्तरीय शिक्षाको पहुँचको अवसर सबैमा उपलब्ध गराउनु पर्ने आवश्यकता रहेको छ। संवैधानिक प्रावधानहरुको प्रभावकारी कार्यान्वयन गर्दै शिक्षालाई आर्थिक सामाजिक रूपान्तरणको माध्यमको रूपमा विकास गर्नु जरुरी रहेको छ। बागमती प्रदेशमा शिक्षा क्षेत्रको विकासका लागि नीति तर्जुमा गरी थप कानुनी प्रबन्ध गर्नुपर्ने अवस्था देखिएकोले यो नीतिको तर्जुमा गरिएको छ।

## २. विद्यमान अवस्था

यस प्रदेशमा आ. व. २०७६/०७७ सम्म विभिन्न प्रकारका सरकारी, निजी, सहकारी तथा धार्मिक विद्यालयहरु करिब ७०३१ शैक्षिक संस्थाहरु सञ्चालनमा रहेका छन्। वि. सं. २०७६ मा कक्षा १ देखि १२ सम्म १४,०३,३२३ जना विद्यार्थीहरु भर्ना भएका छन् भने सामुदायिक विद्यालयमा मात्र ३०,६८६ जना शिक्षकहरु कार्यरत रहेका छन्। प्रारम्भिक बाल विकास शिक्षा केन्द्रहरु सामुदायिक तथा संस्थागत समेत गरी ६९४४ सञ्चालनमा रहेका छन्। अनौपचारिक शिक्षा, विशेष शिक्षा कार्यक्रम सञ्चालन भएका वैकल्पिक शिक्षाका लागि खुला शिक्षा पद्धति समेतको प्रयोग गरी शिक्षाको व्यवस्था गरिएको छ। उच्च शिक्षाका लागि सरकारी, सामुदायिक तथा निजी महाविद्यालयहरू छन्। एकल तथा बहुविषयक साधारण तथा प्राविधिक एवं व्यावसायिक विश्वविद्यालयहरु रहेका छन्। आधारभूत तह कक्षा १-५, आधारभूत तह कक्षा १-८ र माध्यमिक तह कक्षा ९-१२ को खुद भर्नादर क्रमशः ९६.८%, ९५.६%, ५१.९% रहेको छ। यसैगरी कक्षा ५ र ८ को टिकाउ दर क्रमशः ९२.७% र ७८.६% रहेको छ। आधारभूत तह र माध्यमिक

तहको लैङ्गिक समता सूचकाङ्क क्रमशः ०.९९ र १.०७ रहेको छ। यस प्रदेशका १३ जिल्लाहरु मध्ये १२ साक्षर जिल्लाको रूपमा घोषणा भइसकेका छन्।

विविध जातजाति, भाषाभाषी भएको समुदायमा परम्परागत रूपमा आर्जन हुँदै आएका ज्ञान, सीप र कलालाई शैक्षिक क्षेत्रमा समाहित गर्न सकिएको छैन। तिनका ज्ञान तथा सीपले शैक्षिक उपाधि वा समकक्षता पाउन सकेका छैनन्। गरिब तथा पिछडिएका समुदायका बालबालिकाको शैक्षिक पहुँच तथा गुणस्तर पनि राष्ट्रिय औसतभन्दा कम छ। लैङ्गिक, भाषिक, अपाङ्गता तथा अन्य कारणले गर्दा शैक्षिक पहुँच र गुणस्तरमा विभिन्नता रहेको छ। निजी, गुठी तथा सहकारी लगानीका विद्यालय तथा महाविद्यालय तथा सामुदायिक महाविद्यालयहरु पनि उल्लेखनीय रहेका छन्। विद्यालयदेखि विश्वविद्यालयसम्म विद्यार्थीहरु बढ्दो क्रममा रहेका छन्। शैक्षिक संस्थामा हुने अध्ययन अध्यापनलाई व्यवहारिक, जनमुखी, वैज्ञानिक बनाउँदै उत्पादनसँग जोड्न र पूर्वीय परम्परामा भएका ज्ञान, सीप तथा प्रविधिलाई आधुनिक ज्ञान तथा सीपसँग जोडी पढ्ने पढाउने परिवेश बनाउन आवश्यक भएको छ। विभिन्न पहिचानका साथ शिक्षक, कर्मचारीहरुको उपस्थिति रहेको छ भने शैक्षिक संस्थाहरुमा अनुसन्धान र प्रवर्तनका कामहरु नगन्यरूपमा मात्र हुने गरेको अवस्था विद्यमान रहेको छ।

## ३. समस्या तथा चुनौतीहरू

प्रदेशको विद्यमान शैक्षिक अवस्थामा निम्न समस्या तथा चुनौतीहरु रहेका छन् :

क) संविधान बमोजिम प्रदेश सरकारको एकल अधिकारको सूचीमा प्रदेश विश्वविद्यालय, उच्चशिक्षा, पुस्तकालय तथा संग्रहालय रहेका छन्। आधारभूत शिक्षा तथा माध्यमिक शिक्षालाई स्थानीय तहको एकल अधिकारको सूचीमा राखिएको छ। भाषा, लिपि, संस्कृति, ललितकला र धर्मको संरक्षण र प्रयोग प्रदेशको र भाषा, संस्कृति र ललितकलाको संरक्षण र प्रयोग स्थानीय तहको अधिकारको रुपमा राखेको छ। शिक्षा, खेलकुद र पत्रपत्रिका संघ, प्रदेश तथा स्थानीय तहको साझा सूचीमा रहेको छ। संविधानले गरेको यस किसिमको व्यवस्थालाई संघ र स्थानीय तहसँग समन्वय तथा सहकार्य गरी बालविकास शिक्षादेखि विश्वविद्यालयसम्मको औपचारिक शिक्षा तथा साक्षरतादेखि आजीवन शिक्षा एवं समकक्षी शिक्षाको प्रभावकारी व्यवस्थापन गर्नु।

ख) प्रदेश भित्रका शिक्षण संस्थाहरुमा रहेको गुणस्तरको विविधतालाई प्रदेशभित्र, अन्तरप्रदेश तथा राष्ट्रिय र अन्तर्राष्ट्रिय तहमा विशिष्टीकृत हुनेगरी विद्यालय तहको शैक्षिक गुणस्तर सुनिश्चित गर्नु।

ग) प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्, प्रदेश सरकार तथा स्थानीय तहहरुको बीचमा समन्वय गरी प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिम प्रदान गर्नु। परम्परागत रुपमा पनि सीप सिक्ने सिकाउने कामलाई संस्थागत गर्दै सम्बन्धित व्यक्ति तथा संस्थासँग आपसी समन्वय गरी सबैका लागि सीप शिक्षा उपलब्ध गराउनु,

घ) संवैधानिक व्यवस्था बमोजिम सार्वजनिक, निजी र सहकारीको तीन खम्बे अर्थ नीतिको मर्म अनुसार राष्ट्रिय शिक्षा नीतिले निजी लगानीको नियमन गर्ने प्रबन्ध गरेको सन्दर्भमा सार्वजनिक शिक्षामा आवश्यक लगानीको सुनिश्चितता गर्दै निजी लगानीका शिक्षालयको प्रभावकारी नियमन गर्नु,

ङ) औपचारिक, अनौपचारिक तथा व्यावसायिक सीप र सिकाइलाई आजीवन शिक्षाको निरन्तरताका रुपमा सुनिश्चित गर्नु,

च) शिक्षालाई व्यवहारिक, जनमुखी, जीवनोपयोगी तथा वैज्ञानिक बनाई र उत्पादनसँग जोड्नका लागि मानवीय जनशक्तिको क्षमता अभिवृद्धि गर्दै तीनै तहका सरकारका बीचमा समन्वय र सहकार्य गर्नु,

छ) शिक्षालाई सहयोगी, प्रतिस्पर्धी, उत्पादनमुखी र अनुसन्धानमूलक बनाई प्रदेश र राष्ट्रको लागि आवश्यक योग्य र दक्ष जनशक्तिका अतिरिक्त अन्तर्राष्ट्रिय स्तरमा प्रतिस्पर्धा गर्न सक्ने जनशक्तिको उत्पादन गर्नु।

## ४. दार्शनिक आधार

जनस्तरको अनुभव, बौद्ध, सांख्य, शैव तथा किराँत जस्ता नेपाल भित्र विकसित भएका दर्शन एवं पश्चिमा आधुनिक दर्शनको आधारमा शिक्षालाई भौतिक, मानसिक तथा अध्यात्मिक रुपमा उपयोगी हुने दृष्टिकोणबाट शिक्षाको विकास गर्न देहायका सिद्धान्तहरू यस नीतिको मार्गदर्शनका रुपमा रहेका छन्ः

क) अर्थपूर्ण शिक्षा जीवन, जगत र व्यक्तिहरुसँग जोडिन्छ।

ख) शैक्षिक प्रक्रियाहरु व्यक्तिको जीवनमा परिवर्तन ल्याउन सहयोगी हुन्छन्।

ग) शैक्षिक नतिजाको दायरा ज्ञान प्राप्ति एवम् निर्माणमा मात्र सीमित नभई चरित्र निर्माण समस्याको समाधान र मुलुकप्रति उत्तरदायी नागरिक निर्माणसम्म हुन्छ।

## ५. शिक्षा नीतिको आवश्यकता

प्रदेश सरकारको शिक्षा क्षेत्रको एकल तथा साझा अधिकार लगायतका व्यवस्थाहरुलाई प्रभावकारी रुपमा कार्यान्यवन गरी शिक्षालाई जीवनोपयोगी, प्रतिस्पर्धी एवम् संस्थागत बनाउँदै गुणस्तरीय शिक्षामा सबैको समतामूलक पहुँचका लागि यो नीतिको तर्जुमा गरिएको छ। नेपालको संविधानले संघ, प्रदेश र स्थानीय तह गरी तीन तहको शासकीय व्यवस्था गर्नुको साथै शिक्षालाई मौलिक हकको रुपमा प्रत्याभूत गरी तीन तहका सरकारको एकल र साझा अधिकारको रुपमा कार्यक्षेत्र समेत तोकेको छ। नेपाल सरकारले राष्ट्रिय र अन्तर्राष्ट्रियस्तरमा गरेका शिक्षा सम्बन्धी प्रतिवद्धता, दिगो विकासका लक्ष्य, सन् २०२२ भित्र अति कम विकसित राष्ट्रबाट विकासशील राष्ट्रमा स्तरोन्नति र सन् २०३० सम्म मध्यम आए भएको राष्ट्रको रुपमा स्तरोन्नति हुने लक्ष्य तथा नेपाल सरकारको राष्ट्रिय शिक्षा नीति एवं प्रदेश सरकारको कार्य विभाजन नियमावली २०७४, बागमती प्रदेशको प्रथम आवधिक योजना प्रादेशिक शिक्षा नीति तर्जुमाका आधारहरु हुन्। नेपालमा तीन तहको शासकीय अभ्यास प्राम्भिक चरणमै रहेकोले शिक्षा सम्बन्धी संवैधानिक व्यवस्था, राष्ट्रले लिएका लक्ष्य एवम् प्रतिवद्धताहरुलाई योजनबद्ध रुपमा कार्यन्वयन गर्न प्रदेश शिक्षा नीति आवश्यक हुन्छ।

## ६. दूरदृष्टि

सामाजिक आर्थिक रूपान्तरणको लागि गुणस्तरीय शिक्षा र दक्ष जनशक्ति।

## ७. लक्ष्य

शिक्षाको माध्यमबाट सहयोगी, प्रतिस्पर्धी, उद्यमशील तथा नवप्रवर्तनशील जनशक्ति निर्माण गरी प्रदेश र मुलुकको समृद्धिमा योगदान गर्ने।

## ८. उद्देश्य

(क) व्यक्तिमा अन्तर्निहित प्रतिभाको प्रस्फुटन गर्दै राष्ट्र र राष्ट्रियता प्रति प्रतिबद्ध, जवाफदेही, उद्यमशील र सहयोगी नागरिक तयार गर्नु,

(ख) औपचारिक तथा अनौपचारिक शिक्षामा सबैको सहज पहुँच सहितको गुणस्तरीय तथा सान्दर्भिक शिक्षाका लागि शैक्षिक संस्थालाई नेतृत्वदायी, समन्वयकारी, सहयोगी तथा प्रतिस्पर्धी बनाउनु,

(ग) उच्च शिक्षालाई समुदाय उन्मुख, अनुसन्धानमूलक तथा राष्ट्रिय र अन्तर्राष्ट्रिय आवश्यकता अनुरुपका स्तरीय जनशक्ति उत्पादन गर्ने बनाउनु,

(घ) प्राविधिक, व्यावसायिक तथा सीपयुक्त एवम जीवनोपयोगी शिक्षाको विकास तथा बिस्तार गर्नु,

(ङ) शिक्षामा नवप्रवर्तन र सुशासनलाई संस्थागत गर्नु ।

## ९. शैक्षिक नीति तथा कार्यनीति

**नीति ९.१ औपचारिक विद्यालय, महाविद्यालय तथा विश्वविद्यालयबाट जनतासँग सिक्ने तथा जनतालाई सिकाउने व्यवस्था मिलाउने।**

**कार्यनीति**

**९.१.१** सिक्ने सिकाउने संयन्त्र बनाई आधुनिक सूचना र सञ्चारका उपलब्ध साधनहरुको उपयोग गरिनेछ।

**९.१.२** सूचना र सञ्चार प्रविधि समेतको प्रयोग गरी शिक्षक, प्राध्यापक तथा कर्मचारीहरुको क्षमता विकास गरिनेछ।

**९.१.३** संघ, प्रदेश र स्थानीय तह बीच समन्वय कायम गरी शैक्षिक नेतृत्वकर्ताको क्षमता विकास गरिनेछ।

**९.१.४** शिक्षण तथा अनुसन्धानको माध्यमबाट समुदायमा अवस्थित परम्परागत ज्ञान तथा अभ्यासलाई आधुनिक तथा औपचारिक ज्ञान तथा अभ्याससँग एकीकृत गर्ने प्रणाली विकास गरी कार्यान्वयनमा ल्याइनेछ।

**९.१.५** दलित, जनजाति, धार्मिक, पेशागत समूह तथा अन्य समुदाय तथा व्यक्तिमा भएका ज्ञान, सीप एवम् प्रविधिको खोज अनुसन्धान गरी तिनलाई क्रेडिट तथा ननक्रेडिट कोर्स बनाई विद्यालय, महाविद्यालय तथा विश्वविद्यालयमा लागू गरिनेछ।

**नीति ९.२ औपचारिक शिक्षा तर्फका बालविकास, आधारभूत, माध्यमिक तथा अनौपचारिक तर्फका साक्षरता, साक्षरोत्तर तथा आजीवन शिक्षाको जिम्मेवारी पूरा गर्न स्थानीय तहको आवश्यकता अनुसार सहकार्य गर्ने।**

**कार्यनीति**

९.२.१ शैक्षिक कार्यका लागि स्थानीय तहलाई एकअर्काका साझेदार, प्रतिस्पर्धी तथा सहयोगी हुनका लागि सहयोग गरिनेछ।

९.२.२ स्थानीय तहसँगको समन्वय एवं मागका आधारमा औपचारिक तथा अनौपचारिक शिक्षा सुधारका लागि आवश्यक सहयोग गरिनेछ।

९.२.३ अन्तर स्थानीय तह, अन्तर महाविद्यालय तथा अन्तर विश्वविद्यालय पुरस्कार प्रदान गर्न पारदर्शी व्यवस्था विकास गरी कार्यान्वयनमा ल्याइनेछ।

९.२.४ स्थानीय तहमा भएका किसान, मजदूर तथा अन्य समूहका व्यक्तिमा भएका ज्ञान र सीपको खोजी गरी तिनलाई अद्यावधिक गर्ने तथा उनीहरुलाई आधुनिक ज्ञान दिने काममा सम्बन्धित स्थानीय तहसँग सहकार्य गरिनेछ।

९.२.५ विविध शैक्षिक योग्यता एवं पेशामा संलग्न व्यक्तिहरुको ज्ञान, सीप र प्रविधिलाई अद्यावधिक गर्न प्रविधिमा आधारित आजीवन शिक्षा सुनिश्चित गर्न स्थानीय तहमा स्रोतकेन्द्र बनाइनेछ। त्यस्ता स्रोतकेन्द्रमा रेडियो, टेलिभिजन, कम्प्युटर, अनलाइन, अफलाइन तथा भर्चुअल सेवा उपलब्ध हुनेछ। जनस्तरका डबली, चपा, दलान जस्ता संरचनालाई स्रोतकेन्द्रका रुपमा विकसित गरिनेछ।

९.२.६ रेडियो, टेलिभिजन, टेलिफोन, कम्प्युटर, अनलाइन, अफलाइन तथा भर्चुअल सेवा दिन सम्बन्धित सञ्चारका साधनलाई चाहिने प्रसारका सामग्रीहरु प्रदेश सरकारले विकास गरी उपलब्ध गराउनेछ।

९.२.७ प्रदेशमा भएका सञ्चारका माध्यमलाई एक अर्काका पूरक हुनेगरी औपचारिक तथा अनौपचारिक शिक्षाका सहयोगी बनाइनेछ।

९.२.८ सबै शैक्षिक संस्थालाई आफ्ना सवल पक्ष र कमी कमजोरीबाट निरन्तर सिक्ने र सुधार गर्ने मार्गचित्र अभ्यास गर्न लगाइनेछ।

**नीति ९.३ विद्यालय तहदेखि उच्च शिक्षासम्मको शिक्षण सिकाइलाई जनमुखी, व्यवहारिक, वैज्ञानिक तथा परम्परागत एवम् आधुनिक ज्ञान, सीप, प्रविधि र उत्पादनसँग जोड्ने गरी पठन पाठन गर्ने प्रवन्ध मिलाउने।**

**कार्यनीति**

९.३.१ शिक्षण सिकाइलाई जनमुखी, व्यावहारिक, वैज्ञानिक तथा उत्पादनसँग जोड्ने काममा शिक्षक तथा प्राध्यापक अभिभावक र विद्यार्थीहरुलाई जिम्मेवार बनाउन आवश्यक व्यवस्था मिलाइनेछ।

९.३.२ शैक्षिक सामग्रीहरुको निर्माण तथा वितरण गर्न सहयोग गरिनेछ।

९.३.३ प्राध्यापक, शिक्षक, स्थानीय तह, महाविद्यालय प्रमुखले आआफ्ना विद्यार्थीमा र स्वयं विद्यार्थीले नै आफूमा उल्लेखित क्षमता भए नभएको कुरा जानकारी लिने मोवाइल एप्सहरु बनाई कार्यान्वयनमा ल्याउने व्यवस्था मिलाइनेछ।

९.३.४ सबै तहका विद्यार्थीहरुमा भएका प्रतिभाहरुको खोजी गरी तिनको विकास गर्ने काममा विद्यालय, महाविद्यालय तथा विश्वविद्यालयहरुलाई सघाइनेछ।

९.३.५ सबै तहका पाठ्यक्रम, शिक्षण सिकाई प्रक्रियालाई समस्या समाधानमुखी बनाउन आवश्यक सामग्री तयार गरिनेछ।

**नीति ९.४ विद्यार्थीलाई अनुशासित, इमान्दार, नैतिकवान तथा जिम्मेवार बनाउने।**

**कार्यनीति**

९.४.१ विद्यालय, महाविद्यालय, विश्वविद्यालयमा योग, ध्यान, प्राणायाम जस्ता कार्यक्रम सञ्चालन गर्न आवश्यक व्यवस्था मिलाइनेछ।

९.४.२ अतिरिक्त तथा सह कार्यकलाप संचालन गरी विद्यार्थी, शिक्षक तथा कर्मचारीलाई नैतिकवान र सकारात्मक उर्जाशील बनाउन शैक्षिक संस्थालाई आवश्यकता अनुसार सहयोग गरिनेछ। विद्यालय तहमा यस्ता कार्यक्रम गर्न स्थानीय तहलाई सहयोग गरिनेछ।

९.४.३ जनशक्तिलाई अनुशासित, इमान्दार, नैतिकवान तथा जिम्मेवार बनाउन राष्ट्रिय तथा अन्तर्राष्ट्रिय अभ्यास, अनुसन्धान, विचार आदिको आदान प्रदान गर्न आमने सामने तथा भर्चुअल कार्यक्रम सञ्चालन गर्ने व्यवस्थाका लागि स्थानीय तह तथा विश्वविद्यालयलाई सहयोग गरिनेछ।

९.४.४ नागरिकलाई अनुशासित, इमान्दार, नैतिकवान तथा जिम्मेवार बनाउन आवश्यक ज्ञान, सीप तथा प्रविधिको खोजी गरी कार्यान्वयनमा ल्याइनेछ।

९.४.५ अनुशासित, इमान्दार, नैतिकवान तथा जिम्मेवार बनाउन पहिचान भएका प्रदेश तहका साझा तथा समुदाय विशेषका ज्ञान, सीप तथा प्रविधिलाई सबै शैक्षिक संस्थामा उपलब्ध गराउने प्रबन्ध मिलाइनेछ।

९.४.६ अनुशासित, इमान्दार, नैतिकवान तथा जिम्मेवार बनाउन रैथाने धर्म दर्शनमा भएका विचारको खोजी गरी तिनलाई सार्वजनिक गर्न सहयोग गरिनेछ।

**नीति ९.५ शिक्षण सिकाइमा विद्यार्थीको मातृभाषा तथा लिपिको प्रयोग गर्ने।**

**कार्यनीति**

९.५.१ शिक्षण सिकाइको माध्यम भाषाको रुपमा विद्यार्थीको मातृभाषालाई लैजान चाहिने डिजिटल तथा नन-डिजिटल सामग्रीको विकास गर्न सहयोग गरिनेछ।

९.५.२ मातृभाषालाई विषयको रुपमा लैजान चाहिने डिजिटल तथा नन-डिजिटल सामग्री उत्पादन गर्न आवश्यक व्यवस्था मिलाइनेछ।

९.५.३ फरक भाषा एकैसाथ सिक्ने सिकाउने डिजिटल तथा नन-डिजिटल सामग्री निर्माण गर्न सहयोग गरिनेछ।

९.५.४ शिक्षक, प्राध्यापक, विद्यार्थी तथा अन्य भाषा प्रेमीलाई प्रदेशमा बोलिने भाषाहरुको अध्ययन तथा अनुसन्धान गर्न आवश्यक सहयोग गरिनेछ।

**नीति ९:६ विषयगत तथा क्षमतागत रुपमा विशिष्टिकृत विद्यालय सञ्चालन गर्ने।**

**कार्यनीति**

९.६.१ प्रदेशभित्र आवश्यकता अनुसार विभिन्न विषय तथा क्षमताका विशिष्टिकृत विद्यालय सञ्चालन गर्न सम्भाव्यता अध्ययन गरिनेछ।

९.६.२ यस्ता विद्यालय सञ्चालनका लागि सम्भाव्यता अध्ययनको आधारमा स्थान र विषयगत तथा क्षमतागत प्राथमिकता क्रम तोकिनेछ।

९.६.३ एकल तथा लागत साझेदारी अवधारणा बमोजिम यस्ता विशिष्टीकृत विद्यालय सञ्चालन गर्न सकिनेछ।

**नीति ९.७ सामुदायिक पुस्तकालय एवम् विज्ञान प्रदर्शनी स्थलको स्थापना र विकास गर्ने।**

**कार्यनीति**

९.७.१ प्रदेश भित्रका प्रत्येक जिल्लामा कम्तिमा एउटा आधुनिक सुविधा सम्पन्न पुस्तकालयको स्थापना र सञ्चालनको व्यवस्था गरिनेछ।

९.७.२ प्रदेशस्तरीय विज्ञान प्रदर्शनी स्थलको स्थापना गरिनेछ।

९.७.३ विद्यार्थीको सिकाइ प्रभावकारी बनाउन विज्ञान प्रदर्शनी स्थलको प्रयोग गर्ने व्यवस्था मिलाइनेछ।

९.७.४ पुस्तकालय र विज्ञान प्रदर्शनी स्थल मार्फत समुदायमा वैज्ञानिक-प्राविधिक साक्षरता कार्यक्रम सञ्चालन गरिनेछ।

९.७.५ स्थानीय तहको माग, आवश्यकता तथा लगानी साझेदारी सुनिश्चित भएमा त्यस्ता स्थानीय तहमा पुस्तकालय तथा विज्ञान प्रदर्शनी स्थल स्थापना गर्न सहयोग गरिनेछ।

**नीति ९.८ विद्यालय तहको शिक्षाका लागि पाठ्यक्रम तथा पाठ्य सामग्री विकास तथा विशेष सिकाइ वातावरण तयार गर्ने।**

**कार्यनीति**

९.८.१ पाठ्यक्रम तथा पाठ्यसामग्री विकासका लागि प्रादेशिक पाठ्यक्रम तथा पाठ्यसामग्री विकास केन्द्र स्थापना गरिनेछ।

९.८.२ राष्ट्रिय पाठ्यक्रम प्रारुपको अधीनमा रही ऐच्छिक विषयको पाठ्यक्रम, पाठ्यपुस्तक तथा पाठ्यसामग्री विकास गरी कार्यान्वयनमा ल्याइनेछ।

९.८.३ मापदण्डका आधारमा थप पाठ्यसामग्री छनौट, स्वीकृति र नियमन गरिनेछ।

९.८.४ प्रादेशिक विशेषता अनुरुप कृषि, जडिबुटी, उद्यमशीलता, स्थानीय ज्ञान र सीप प्रणाली, भाषा तथा पर्यटनसँग सम्बन्धित पाठ्यक्रम तयार गरी स्थानीय तहसँगको समन्वयमा लागू गर्ने व्यवस्था मिलाइनेछ।

९.८.५ विद्यालय शिक्षालाई समुदायसँग एकाकार गर्दै लैजान विद्यार्थीलाई समुदायमा आधारित परियोजना निर्माण र कार्यान्वयन गर्न स्थानीय तहलाई सहयोग गरिनेछ।

९.८.६ समुदाय र सामुदायिक क्रियाकलापलाई समेत सिकाइ स्रोतको रुपमा लिई शिक्षक तालिम, सिकाइ सामग्री र मूल्याङ्कन प्रणालीमा स्थापित गर्ने व्यवस्था मिलाइनेछ।

**नीति ९.९ विद्यार्थी मूल्याङ्कन सम्बन्धी कार्यलाई प्रभावकारी बनाउने।**

**कार्यनीति**

९.९.१ आधारभूत तहमा निरन्तर विद्यार्थी मूल्याङ्कनको प्रयोग गर्नका लागि आवश्यक सहजीकरण गरिनेछ।

९.९.२ स्थानीय तहले सञ्चालन गर्ने कक्षा ८ वा यस्तै किसिमको परीक्षालाई प्रभावकारी बनाउन आवश्यक प्राविधिक सहयोग गरिनेछ।

९.९.४ परीक्षाको परिणाम विश्लेषण गरी शिक्षण सिकाइमा ल्याउने सुधारका लागि कार्ययोजना बनाई कार्यान्वयनमा ल्याउने व्यवस्था मिलाइनेछ।

**नीति ९:१०** माध्यमिक शिक्षा परीक्षा (कक्षा १०) को स्तरीकरण, व्यवस्थापन, सञ्चालन र प्रमाणीकरण गर्ने।

**कार्यनीति**

९.१०.१ प्रदेशस्तरीय माध्यमिक शिक्षा (कक्षा १०) परीक्षा बोर्डको गठन गरिनेछ।

९.१०.२ बाह्य परीक्षाको मानक र स्तर (Norms and Standards) बमोजिम परीक्षा बोर्डको काम, कर्तव्य र अधिकार तय गरिनेछ।

९.१०.३ परीक्षाको स्वरुप, परीक्षा व्यवस्थापन तथा नतिजा विश्लेषण लगायतका परीक्षा तथा मूल्याङ्कन सम्बन्धी विषयमा कार्यक्रम सञ्चालन गरिनेछ।

९.१०.४ बहु-बुद्धिमत्ता (Multiple Intelligence) मा आधारित भई प्रश्नपत्र विकास तथा परीक्षा सञ्चालन गरिनेछ। यसका लागि लिखित परीक्षा लगायत अन्य विधि पनि प्रयोगमा ल्याइनेछ।

**नीति ९.११ शैक्षिक गुणस्तरको मानक बनाई शिक्षाका सबै तह र क्षेत्रमा लागु गर्ने।**

९.११.१ ज्ञानमा अब्बल, सीपमा दक्ष, सकारात्मक सोच, समावेशी स्वभाव तथा आधुनिक सूचना प्रविधि मैत्री लगायतका विषय समावेश भएको शिक्षाको प्रादेशिक गुणस्तरको खाका बनाइनेछ। यस खाकामा सन्दर्भ सापेक्षता गुणस्तर, लगानीमा गुणस्तर, प्रक्रियामा गुणस्तर, गणनात्मक तथा गुणात्मक उपलब्धिमा गुणस्तरका विषय समावेश गरिनेछ।

९.११.२ विद्यार्थी, शिक्षक, प्रधानाध्यापक, प्राध्यापक, तथा कर्मचारीको स्वमूल्याङ्कनको लागि डिजिटल तथा नन-डिजिटल सामग्री तयार गरी कार्यान्वयनमा ल्याइनेछ।

९.११.३ अपेक्षित गुणस्तर नपुगेको विषय क्षेत्रमा सघाउने डिजिटल तथा ननडिजिटल सामग्री उत्पादन गर्न गराउन शिक्षक, प्राध्यापक तथा अन्य विज्ञलाई प्रोत्साहित गरिनेछ।

९.११.४ शिक्षाको गुणस्तरीय खाकाको आधारमा विद्यालय, स्थानीय तह, महाविद्यालय तथा विश्वविद्यालयको वार्षिक गुणस्तरको लेखाजोखा गरिनेछ र तदनुसार पुरस्कार तथा दण्डको व्यवस्था मिलाइनेछ।

९.११.५ विश्वविद्यालयले विश्वविद्यालय अनुदान आयोगले बनाएको उच्च शिक्षाको गुणस्तरको खाका समेतका आधारमा आआफ्ना गुणस्तरका खाका बनाई सार्वजनिक गर्नेछन्।

**नीति ९ः१२ प्रदेशभित्रका गुरुकुल, मदरसा, गुम्वा आदिमा दिइने शिक्षालाई मूलधारको समकक्षी बनाउने।**

**कार्यनीतिः**

९.१२.१ गुरुकुल, मदरसा, गुम्बा लगायत परम्परागत तथा धार्मिक प्रकृतिका शिक्षालय मूलधार तथा पुलेसो धारका हुनेछन्।

९.१२.२ यस्ता धार सञ्चालन गर्ने शिक्षालयले मापदण्ड बमोजिम मूल विषय अनिवार्य रुपमा पठनपाठन गर्ने तथा परीक्षा दिने प्रवन्ध गर्नेछ।

९.१२.३ पुलेसो धारमा इच्छुक जोसुकैले पनि पढ्न पाउने गरी पुलेसो पाठ्यक्रम तयार पारिनेछ।

९.१२.४ गुरुकुल, मदरसा, गुम्वा आदिमा अध्ययन गरेका विद्यार्थीहरुलाई अन्य विद्यालय, महाविद्यालय तथा विश्वविद्यालयमा सहज प्रवेशका लागि पुलेसा सामग्री तयार गर्न आवश्यक व्यवस्था गरिनेछ।

९.१२.५ गुरुकुल, मदरसा, गुम्बा जस्ता प्रकृतिका शिक्षालाई विश्वविद्यालय स्तरसम्म पुऱ्याउने व्यवस्था मिलाइनेछ।

**नीति ९.१३ दक्ष जनशक्ति निर्माणका लागि उच्च शिक्षाको विकास, बिस्तार तथा उन्नयनमा जोड दिने।**

**कार्यनीति**

९.१३.१ कृषि, पर्यटन, नविकरणीय ऊर्जा, औषधी विज्ञान, विज्ञान-प्रविधि, इन्जिनियरिङ्ग, योग एवं आयुर्वेद, कला लगायतका विधा प्राथमिकतामा पर्ने गरी विश्वविद्यालयको स्थापना गरिनेछ।

९.१३.२ सामुदायिक क्याम्पसहरुलाई एकीकृत गरी सामुदायिक विश्वविद्यालयमा रुपान्तरण हुन प्रोत्साहित गरिनेछ।

९.१३.३ विश्वविद्यालयलाई मूलतः अनुसन्धानमूलक बनाइनेछ। विश्वविद्यालयलाई बहुविधात्मक, समस्या समाधान केन्द्रीत, समुदायमुखी शिक्षण र सेवामूलक काम एवम् प्रदेशको समग्र विकासका कार्यसँग जोड्न आवश्यक व्यवस्था मिलाइनेछ।

९.१३.४ औषधि उत्पादन, ऊर्जा विकास, खाद्य प्रविधि, कृषि व्यवसाय लगायतका क्षेत्रमा काम गर्न विश्वविद्यालय र प्रदेश सरकारको सहकार्यमा विशेष र बहु-विधात्मक प्रयोगशाला विकास गरिनेछ।

९.१३.५ प्रयोगशालामा कार्यरत जनशक्ति (वैज्ञानिक, अनुसन्धाता) र प्रशिक्षार्थी (Interns) लाई विश्वविद्यालयको प्राज्ञिक कार्यक्रमसँग आबद्ध गर्ने व्यवस्था मिलाइनेछ।

९.१३.६ स्थानीय ज्ञान र सीपलाई उच्च शिक्षासँग जोड्न विश्वविद्यालयका विधागत विस्तार केन्द्र (outreach center) स्थापना गर्ने व्यवस्था मिलाइनेछ।

**नीति ९.१४ विश्वविद्यालय, महाविद्यालय (सामुदायिक र निजी समेत) आदिको पुन नक्शाङ्कन गरी उच्च शिक्षाको सहज पहुँच सुनिश्चित गर्ने।**

**कार्यनीति**

९.१४.१ विश्वविद्यालय र महाविद्यालयको मिलान गर्न प्रोत्साहित गरिनेछ।

९.१४.२ विश्वविद्यालय र महाविद्यालयको पहुँच नभएका ठाउँमा उच्च शिक्षाको पहुँच सुनिश्चित गर्न सरकारी, सामुदायिक, निजी तथा साझेदारीको ढाँचा अवलम्बन गरिनेछ।

९.१४.३ एक आपसमा मिलान गरी यस्ता महाविद्यालयहरु मानित विश्वविद्यालय बन्न बनाउन चाहेमा तिनलाई सहयोग गरिनेछ।

९.१४.४ तिनमा कार्यरत प्रशिक्षक तथा विभिन्न तहका प्राध्यापक एवं कर्मचारीहरुलाई एक अर्का महाविद्यालय तथा विश्वविद्यालयमा समकक्षी रुपमा सरुवा तथा बढुवा गर्ने प्रवन्ध मिलाइनेछ।

९.१४.५ तिनीहरुलाई डिग्री ग्राण्टिङ्ग महाविद्यालयको रुपमा विकसित गरिनेछ।

९.१४.६ यी महाविद्यालय तथा विश्वविद्यालयले समुदायलाई चाहिने नन-क्रेडिट कोर्स, तालिम, अभिमुखीकरण एवं क्रेडिट कोर्स संचालन गर्न प्रोत्साहित गरिनेछ।

९.१४.७ प्रत्येक विश्वविद्यालय र महाविद्यालयको आआफ्नो स्पष्ट वैशिष्ट्यता हुने व्यवस्था मिलाइनेछ।

९.१४.८ विश्वविद्यालय र महाविद्यालयमा आंशिक, पूर्णकालीन तथा खुला मोडका कार्यक्रम सञ्चालन गरी सबैलाई सहज शिक्षाको पहुँच सुनिश्चित गर्ने प्रवन्ध गरिनेछ।

९.१४.९ दलित, अपाङ्गता भएका व्यक्ति तथा आर्थिक रुपले विपन्नहरुको शिक्षामा पहुँच सुनिश्चित गर्न पूर्ण/आंशिक/पटके छात्रवृत्ति, विद्वत्वृत्ति एवम् महाविद्यालय तथा विश्वविद्यालयमा काम गर्ने व्यवस्था मिलाइने छ।

**नीतिः ९.१५ मानित विश्वविद्यालयको विकास गर्ने।**

**कार्यनीति**

९.१५.१ सञ्चालनमा रहेका आङ्गिक, निजी तथा सम्बन्धन प्राप्त महाविद्यालयहरुलाई एकल वा संग्रहित (Federated) मानित विश्वविद्यालयको रुपमा विकास गर्ने व्यवस्था मिलाइनेछ।

९.१५.२ मानित विश्वविद्यालय अन्तर्गत साधारण तथा प्राविधिक धारका कार्यक्रम सञ्चालन गरिनेछ। यस्ता कार्यक्रम प्राविधिक महाविद्यालय तथा प्रयोगात्मक प्राविधिक विद्यालयमा सञ्चालन हुने व्यवस्था मिलाइनेछ।

९.१५.३ आवश्यकता अनुरुप विषयगत संस्थालाई मानित विश्वविद्यालयको रुपमा सञ्चालन हुन सक्ने व्यवस्था मिलाइनेछ। यस्ता संस्थाले स्नातकोत्तर तह एवम् आवधिक तालिम कार्यक्रम सञ्चालन गर्नेछन्।

**नीति ९:१६ वर्ल्ड क्लास विश्विद्यालय (World Class University) को स्थापना र विकास गर्ने।**

**कार्यनीति**

९.१६.१ सञ्चालनमा रहेका र स्थापना हुने विश्वविद्यालयलाई वर्ल्ड क्लास विश्वविद्यालयको रूपमा विकसित गरिनेछ। यस्ता विश्वविद्यालय विषयगत तथा बहु-विषयका हुनेछन्।

९.१६.२ यस्ता विश्वविद्यालयले विश्वस्तरको शैक्षिक गुणस्तर कायम गर्दै राष्ट्रिय-अन्तर्राष्ट्रिय स्तरमा प्रतिस्पर्धा गर्न सक्ने दक्ष जनशक्ति तयार गर्नेछन्।

९.१६.३ विश्वविद्यालय सञ्चालन तथा व्यवस्थापनका लागि स्वतन्त्र र स्वायत्त बोर्ड अफ ट्रष्टिजको व्यवस्था गरिनेछ। विश्वविद्यायका पदाधिकारी राष्ट्रिय-अन्तर्राष्ट्रिय स्तरमा ख्याति प्राप्त प्राज्ञिक व्यक्तित्व मध्येबाट छनौट गर्ने व्यवस्था मिलाइनेछ।

९.१६.४ वर्ल्ड क्लास विश्वविद्यालयमा न्यूनतम ५% अन्तर्राष्ट्रिय विद्यार्थी पढ्ने वातावरण बनाइनेछ।

९.१६.५ प्रत्येक विभागमा विदेशी प्राध्यापकले समेत अध्यापन अनुसन्धान गर्ने वातावरण बनाइनेछ।

९.१६.६ विश्वविद्यालयमा न्यूनतम २०% विद्यार्थी र ६०% प्राध्यापकलाई विश्वविद्यालय-आवासीय सुविधा मिलाइनेछ।

**नीति ९:१७ विश्वविद्यालय, महाविद्यालय तथा विद्यालयलाई समुदायसँग आवद्ध गर्ने।**

**कार्यनीति**

९.१७.१ विश्वविद्यालय, महाविद्यालय तथा विद्यालय शिक्षालाई समुदायको विकाससँग एकाकार गर्न अनिवार्य रुपमा सेवा शिक्षा कार्यक्रम लागू गरिनेछ।

९.१७.२ प्रत्येक विश्वविद्यालय, महाविद्यालय तथा विद्यालयलाई सेवा शिक्षाको लागि आआफ्नो सेवा क्षेत्र तोक्न लगाई उक्त क्षेत्रमा अनुसन्धान तथा समुदाय सेवा गर्ने प्रवन्ध मिलाइनेछ।

९.१७.३ स्नातक र स्नातकोत्तर पूरा गर्ने विद्यार्थीलाई तोकिएको अवधि र समुदायमा तहाँको विकासको लागि थप काम गर्ने व्यवस्था कार्यान्वयनमा ल्याइनेछ।

**नीति ९.१८ विदेशी विद्यालय, महाविद्यालय र विश्वविद्यालयको नियमन तथा अनुगमन गर्ने।**

**कार्यनीतिः**

९.१८.१ विदेशी विश्वविद्यालय, महाविद्यालय तथा स्कूल बोर्डसँग सम्बन्धन लिएका शिक्षण संस्थाहरुको दस्तावेजीकरण गरिनेछ।

९.१८.२ यस्ता संस्था राष्ट्रिय मानक अनुसार भए नभएको लेखाजाखा गरी तदनुरुप राष्ट्रिय मापदण्ड अनुसार नभएको अवस्थामा संघीय सरकारको समन्वयनमा मापदण्ड बमोजिम सञ्चालन हुने व्यवस्था गरिनेछ।

९.१८.३ यस्ता संस्थाको शुल्क, पाठ्यांश, शिक्षक, प्राध्यापकका सेवाशर्त, व्यवस्थापन आदिको अनुगमन गर्ने प्रवन्ध मिलाइनेछ।

९.१८.४ विदेशी विद्यालय, महाविद्यालय र विश्वविद्यालयलाई संघीय सरकारको समन्वयमा आवश्यकता र नक्शाङ्कनको आधारमा सम्बन्धन दिने व्यवस्था मिलाइनेछ।

**नीति ९.१९ विद्यालय, महाविद्यालय र विश्वविदयालयमा समावेशी तथा विशेष कक्षाको प्रबन्ध गर्ने।**

**कार्यनीति**

९.१९.१ आधारभूत तहदेखि विश्वविद्यालय तहसम्म समावेशी शिक्षण व्यवस्थापन गरिनेछ। शिक्षण संस्थामा अपाङ्गता भएका विद्यार्थी अनुकूल वातावरण सिर्जना गरिनेछ।

९.१९.२ शिक्षण संस्थामा विशेष कक्षाको व्यवस्था गर्न देहायका उपायहरु अवलम्वन गर्न प्रोत्सहान गरिनेछ :

९.१९.२.१ हाल सञ्चालनमा रहेका विशेष कक्षाका विद्यालयको बिस्तार गर्न स्थानीय तहसँग सहकार्य गरिनेछ।

९.१९.२.२ हाल सञ्चालनमा रहेका विशेष शिक्षाका आवासीय स्रोत केन्द्रहरु स्थानीय तहसँगको सहकार्यमा बिस्तार गरिनेछ।

९.१९.२.३ विशेष विद्यार्थीलाई आवासीय सुविधा सहितको सेवा सुविधा सुनिश्चित गर्न प्रत्येक जिल्लामा विशेष विद्यालय तथा महाविद्यालय स्थापना गर्न स्थानीय तहसँग समन्वय र सहकार्य गरिनेछ।

९.१९.३ सबै किसिमका अपाङ्गता भएका विद्यार्थीको आवश्यकता अनुरुपका शैक्षिक एवं पाठय सामग्रीहरु उत्पादन एवम वितरण गर्न आवश्यक प्रबन्ध मिलाइनेछ।

९.१९.४ अपाङ्गता भएका बालबालिका र आर्थिक रुपले विपन्न अभिभावकका बालबालिकालाई निःशुल्क शिक्षा दिने व्यवस्था गर्न आवश्यक प्रबन्ध गरिनेछ।

९.१९.५ अपाङ्गता भएका विद्यार्थीका लागि उपयुक्त शैक्षिक सामग्रीको विकास गर्न सम्वन्धित संस्थासँग सहकार्य

**नीति ९.२० विद्यालय, महाविद्यालय एवम् विश्वविद्यालयलाई शैक्षणिक दृष्टिकोणबाट समावेशी बनाउने।**

**कार्यनीति**

९.२०.१ विविध विषयमा अनुसन्धान, अध्ययन एवं अनुभवका आधारमा प्राप्त बहुविचार तथा दृष्टिकोण संकलन गरी वर्गीकरण गर्ने व्यवस्था गरिनेछ।

९.२०.२ वर्गीकृत गरिएका दृष्टिकोणलाई डिजिटल तथा नन-डिजिटल सामग्रीको रुपमा व्यवस्था गर्न सहयोग गरिनेछ।

९.२०.३ विद्यालय, महाविद्यालय, विश्वविद्यालयलाई विचार निर्माणकर्ता संस्थाको रुपमा विकास गर्न र यस्तो संस्कार बसाल्न सहयोग गरिनेछ।

९.२०.४ शिक्षक, प्राध्यापकलाई बहुविचार तथा दृष्टिकोण समावेश गर्ने शिक्षण पद्धति अपनाउन आवश्यक प्रबन्ध गरिनेछ।

९.२०.५ विद्यालय, महाविद्यालय, विश्व विद्यालय व्यवस्थापनले एक अर्काको विचार, दृष्टिकोण तथा शारीरीक भिन्नतालाई सम्मान गर्ने प्रवन्ध मिलाउन आवश्यक व्यवस्था गरिनेछ।

९.२०.६ समावेशी र भेदभावरहित वातावरण सिर्जना गर्न शून्य सहनशिलताको नीति अवलम्बन गरिनेछ।

९.२०.७ हरेक शैक्षिक सँस्थाबाट समावेशिता, हिँसा विहीनता तथा सुरक्षा सम्बन्धी आचारसंहिता तथा कार्यक्रम सार्वजानिक गर्ने ब्यवस्था गरिनेछ।

**नीति ९.२१ प्राविधिक तथा व्यवसायिक शिक्षा र सीप विकास सम्बन्धी कार्यक्रम सञ्चालन गर्ने।**

**कार्यनीति**

९.२१.१ प्रदेश भित्रका परम्परागत प्रविधि तथा व्यावसायिक सीपहरुको दस्तावेजीकरण (सङ्कलन, वर्गीकरण, र प्राथमिकीकरण) गरिनेछ।

९.२१.२ दस्तावेजीकरण गरिएका परम्परागत प्रविधि तथा ज्ञान झल्किने सामग्री संकलन गरी संग्रहालयको स्थापना गरी त्यसलाई पठनपाठनको केन्द्र बनाइनेछ।

९.२१.३ प्रविधि तथा सीपमा भएका ज्ञान एवं सीपको संकलन गरी मोडुलर र ननमोडुलर पाठ्यक्रम तथा पाठयपुस्तक तयार पारी विद्यालय, महाविद्यालय तथा विश्वविद्यालयमा पठनपाठन गराउने प्रवन्ध मिलाइनेछ।

९.२१.४ ज्ञान तथा सीपमा आधारित भई छोटा अवधिका तालिम प्याकेज तयार पारी स्वयम र आमनेसामने हुने गरी सिक्ने प्रवन्ध मिलाइनेछ।

९.२१.५ परम्परागत ज्ञान तथा सीपको उद्यमीकरण गरी तिनलाई रोजगारीमा आबद्ध गर्न स्थानीय तहसँग आवश्यकतानुसार सहकार्य गरिनेछ।

९.२१.६ प्रदेशमा आवश्यक निम्न र मध्यमस्तरको जनशक्ति निर्माणमा प्राविधिक तथा व्यवसायिक शिक्षा र सीप सम्बन्धी छोटो र लामो अवधिका कार्यक्रम सञ्चालन गरिनेछ।

**नीतिः ९.२२ प्रदेशभित्र आवश्यक संख्यामा बहुप्राविधिक (Polytechnic) शिक्षालयको स्थापना र सञ्चालन गर्ने।**

**कार्यनीतिहरु**

९.२२.१ हाल भएका बहुप्राविधिक शिक्षालयको नक्साङ्कन गरी प्रोफाइल तयार पारिनेछ।

९.२२.२ माग एवम् आवश्यकता तथा स्थानीय तहको लगानी अनुपातको आधारमा कहाँकहाँ बहुप्राविधिक शिक्षालय खोल्ने भन्ने बारेमा गुरु योजना बनाई तदनुसार बहुप्राविधिक विद्यालय, महाविद्यालय तथा विश्वविद्यालय सञ्चालन गर्ने प्रवन्ध मिलाइनेछ।

९.२२.३ बहुप्राविधिक विद्यालय, महाविद्यालय तथा विश्वविद्यालयले छोटो अवधिको तालिम, ननक्रेडिट कोर्स तथा क्रेडिट कोर्स सञ्चालन गर्न सहयोग गरिनेछ।

९.२२.४ स्थानीय तहमा भएका परम्परागत सीप तथा प्रविधिको अध्ययन गरी तिनको उद्यमीकरण गर्ने काम सम्बन्धित बहुप्राविधिक विद्यालय, महाविद्यालय तथा विश्वविद्यालयलाई प्रोत्साहित गरिनेछ।

९.२२.५ बहुप्राविधिक विद्यालय, महाविद्यालय तथा विश्वविद्यालयको सेवा क्षेत्रका कृषक, साना व्यवसायी तथा उद्यमी तथा उद्योगमा कार्यरत जनशक्तिलाई अद्यावधिक गर्ने काम सम्बन्धित शिक्षालयको हुने व्यवस्था गरिनेछ।

९.२२.६ प्रदेश भित्रका परम्परागत सीप, ज्ञान तथा प्रविधिहरु संकलन गरी प्रादेशिक म्युजियम बनाइनेछ। यस्ता संग्रहालयलाई बहुप्राविधिक विद्यालय, महाविद्यालय तथा विश्वविद्यालयका स्रोतकेन्द्रको रुपमा प्रयोग गर्ने व्यवस्था मिलाइनेछ।

९.२२.७ स्थानीय तहको लगानी अनुपातको आधारमा स्थानीय तहहरुमा यस्ता संग्रहालयको बिस्तार गरिनेछ र तिनलाई शैक्षिक स्रोतकेन्द्रको रुपमा विकसित गरिनेछ।

९.२२.८ प्राविधिक शिक्षालयमा दलित, अपाङ्गता भएका व्यक्ति तथा बिपन्नको पहुँच सुनिश्चित गर्नका लागि छात्रवृत्ति उपलब्ध गराइनेछ ।

९.२२.९ संघीय सरकार र स्थानीय तहसँगको सहकार्यमा प्राविधिक शिक्षा सम्बन्धी कार्य सञ्चालन गरिनेछ।

**नीति ९.२३ विज्ञान (Science), प्रविधि (Technology), इन्जिनियरीङ्ग (Engineering), कला (Arts) र गणित (Mathematics) को एकीकृत रुप STEAM सँग सम्बन्धित कार्यक्रमहरु सञ्चालन गर्ने।**

**कार्यनीति**

९.२३.१ आधारभूत तहमा रहेको एकीकृत बहु-विधागत र अन्तर विधागत पाठ्यक्रमलाई STEAM को दृष्टिकोणबाट सिकाइ क्रियाकलाप सञ्चालन गर्न प्रोत्साहित गरिनेछ।

९.२३.२ अन्य कक्षामा बहु-विधात्मक शिक्षणका लागि शिक्षकको बीचमा सहकार्य विकास गर्ने संयन्त्र निर्माण गर्न सहयोग गरिनेछ।

९.२३.३ हरेक विद्यालयमा STEAM सिकाइ अनुरुप कक्षा बनाउन आवश्यक सहकार्यात्मक सिकाइ स्थल (Makerspace) निर्माण गर्न सहयोग गरिनेछ।

९.२३.४ विज्ञान, प्रविधि र गणित जस्ता विषयलाई कला, संस्कृति तथा श्रमसँग जोडेर सिकाइ गर्ने वातावरण निर्माणका लागि सहजीकरण गरिनेछ।

९.२३.५ विद्यालय शिक्षालाई सान्दर्भिक, परिणामुखी, सीपयुक्त, उत्पादन केन्द्रीत, अर्थपूर्ण बनाउन विद्यालयमा करेसाबारी, कृषिकार्य, सहकार्यात्मक सिकाइ स्थल, सामाजिक उद्यमीकरण (social entrepreneurship) जस्ता सिकाइ कार्यक्रम संचालन गर्न सहयोग गरिनेछ।

९.२३.६ अनलाइन, रेडियो तथा टेलिभिजन कार्यक्रम मार्फत विज्ञान (Science), प्रविधि (Technology), इन्जिनियरीङ्ग (Engineering), कला (Arts) र गणित

(Mathematics) को एकीकृत प्रयोग सम्बन्धी कार्यक्रम प्रसारण गर्ने व्यवस्था मिलाइनेछ।

९.२३.७ विद्यार्थीको व्यवहार कौशल सीप विकास गर्ने कार्यमा प्रोत्साहन गरिनेछ।

९.२३.८ वैज्ञानिक सम्मेलन, वैज्ञानिक प्रतिभा चयन तथा पुरस्कृत गर्ने व्यवस्था गरिनेछ।

९.२३.९ नवप्रवर्तनलाई मुखरित गर्न विज्ञान, प्रविधि तथा कलाका क्षेत्रहरु समेटी सबै क्षेत्रमा बहु-विधात्मक कार्यक्रम सञ्चालन गर्ने व्यवस्था मिलाइनेछ।

**नीतिः ९.२४ व्यावसायिक तथा प्राविधिक शिक्षाको पारगम्यता (Transferability) सुनिश्चित गर्ने।**

**कार्यनीति**

९.२४.१ राष्ट्रिय योग्यता प्रारुप (नेशनल क्वालिफिकेसन फ्रेमवर्क) मा भएको प्रावधानलाई कार्यान्वयन गरी बहुप्राविधिक विद्यालय, महाविद्यालय तथा विश्वविद्यालयबाट अध्ययन गर्ने विद्यार्थीको पारगम्यता सुनिश्चित गर्ने व्यवस्था मिलाइनेछ।

९.२४.२ साधारण शिक्षाबाट बहुप्राविधिक विद्यालय, महाविद्यालय तथा विश्वविद्यालयमा अध्ययन गर्न चाहने विद्यार्थीका लागि आधारभूत पाठयक्रम (प्रेरिक्वजिट कोर्स) को व्यवस्था गरी प्राविधिक शिक्षामा पढ्न पाउने व्यवस्था मिलाइनेछ ।

९.२४.३ बहुप्राविधिक विद्यालय, महाविद्यालय तथा विश्वविद्यालयबाट अध्ययन पूरा गरी साधारण शिक्षामा प्रवेश गर्न चाहने विद्यार्थीहरुलाई आधारभूत पाठयक्रम (प्रेरिक्वजिट कोर्स) को व्यवस्था गरी साधारण शिक्षामा पढ्न पाउने व्यवस्था मिलाइनेछ।

९.२४.४ निश्चित अवधिको प्राविधिक तथा व्यावसायिक तालिम लिएका व्यक्तिको सीप, अवधि तथा उपलब्धिको गणना गरी अपेक्षित पाठ्य घण्टा (क्रेडिट आवर्स) पूरा गरेकाहरुलाई बहुप्राविधिक विद्यालय, महाविद्यालय तथा विश्वविद्यालयले शैक्षिक उपाधिमा गणना गरी पठनपाठन गर्ने/गराउने प्रवन्ध गरिनेछ।

९.२४.५ परम्परागत रुपमा सीप आर्जन गरेका, स्वयं सीप सिकेका तथा आधुनिक प्रविधिबाट सीप सिकेका व्यक्तिको सीप परीक्षण गरी प्रमाणीकरण गर्ने व्यवस्था मिलाइनेछ। प्रमाणीकरण भएको व्यक्तिले पनि बहुप्राविधिक विद्यालय, महाविद्यालय तथा विश्वविद्यालयमा अध्ययन तथा अध्यापन गर्न पाउने व्यवस्था मिलाइनेछ।

**नीतिः ९.२५ प्रदेशभित्र रहेका उद्योग, कलकारखाना, व्यवसायी, व्यापारी, उद्यमी तथा अन्य सरोकारवालासँग सहकार्य गरी पढाइलाई रोजगारीसँग आवद्ध गर्ने।**

**कार्यनीति**

९.२५.१ प्राविधिक तथा व्यावसायिक जनशक्तिको प्रक्षेपण गरिनेछ।

९.२५.२ प्रक्षेपण अनुसार प्राविधिक विद्यालय, महाविद्यालय तथा विश्वविद्यालयलाई पाठयक्रम परिमार्जनका लागि सहयोग गरिनेछ।

९.२५.३ प्रक्षेपित जनशक्तिको आधारमा तात्कालिक, अल्पकालिन र दीर्घकालिन सीप विकास तालिम तथा डिग्री प्रदान गर्ने व्यवस्था मिलाइनेछ।

९.२५.४ विद्यालय, महाविद्यालय तथा विश्वविद्यालयमा सञ्चालित प्राविधिक विधाका कार्यक्रम स्थानीय तह, महाविद्यालय तथा विश्वविद्यालयको माग र लगानी सहकार्यको आधारमा सञ्चालन गर्ने प्रवन्ध मिलाइनेछ।

९.२५.५ प्रदेशमा आवश्यक पर्ने सीपयुक्त जनशक्ति विकासको लागि नियमित तालिम तथा शैक्षिक कार्यक्रम सञ्चालन गरिनेछ।

**नीति ९.२६ विद्यालय तथा प्राविधिक शिक्षालयको नतिजामूलक अनुगमन, सुपरीवेक्षण तथा मूल्याङ्कन संयन्त्र विकास गर्ने।**

**कार्यनीति**

९.२६.१ संघीय कानूनको अधीनमा रही विद्यालय शिक्षामा आवश्यक कार्य गरिनेछ।

९.२६.२ प्राविधिक शिक्षालयका लागि निरीक्षकको व्यवस्था गरिनेछ। निरीक्षकको छनौटमा कार्यक्षमता, तालिम र अनुसन्धान जस्ता विषयलाई प्राथमिकता दिइनेछ।

९.२६.३ निरीक्षणको कार्यलाई प्रभावकारी बनाउन सहभागितामूलक, नतिजामूलक तथा सुधारात्मक प्रणालीको विकास गरिनेछ।

९.२६.४ प्राविधिक शिक्षालयको विकास तथा विस्तारका लागि अनुगमन तथा मूल्याङ्कन प्रणालीलाई कार्यमूलक अनुसन्धानको ढाँचा (मोडालिटी) मा सञ्चालन गरिनेछ।

९.२६.५ निरीक्षणबाट प्राप्त सूचनालाई शैक्षिक सूचना प्रणालीसँग एकीकृत गरी संस्थागत सुधारका लागि प्रयोग गरिनेछ।

९.२६.६ निरीक्षणबाट प्राप्त सूचना र स्थानीय तहसँगको सहकार्यमा विद्यालय तथा प्राविधिक शिक्षालयको स्तरीकरण (ग्रेडिङ) गरिनेछ।

**नीति ९.२७ विद्यालय शिक्षक तथा कर्मचारीको छनोट र नियुक्ति सम्बन्धी कार्य गर्ने।**

**कार्यनीति**

९.२७.१ संघीय कानूनको अधीनमा रही निश्चित शर्त र मापदण्डको आधारमा आवश्यक शिक्षक तथा कर्मचारीको व्यवस्था गरिनेछ।

९.२७.२ शिक्षक तथा कर्मचारीको छनोट तथा सिफारिस प्रदेश लोक सेवा आयोग/शिक्षक सेवा आयोग मार्फत हुने व्यवस्था मिलाइनेछ।

९.२७.३ शिक्षक तथा कर्मचारीको सेवा सुविधा प्रदेश सरकारले तय गरे बमोजिम हुनेछ।

**निति ९.२८ प्रदेशमा कार्यरत शिक्षक, प्रधानाध्यापक, कर्मचारी, व्यवस्थापन समिति, शिक्षक अभिभावक संघ तथा बोर्ड अफ ट्रष्टिजको पेशागत तथा व्यवस्थापकीय क्षमता अभिवृद्धि गर्ने।**

**कार्यनीति**

९.२८.१ तालिम केन्द्रको भौतिक र शैक्षिक पूर्वाधारको साथै जनशक्ति र प्रविधिका दृष्टिले स्तरोन्नति गरिनेछ।

९.२८.२ प्रशिक्षकको क्षमता विकास गरी तालिम केन्द्र र तालिम कार्यक्रमलाई प्रविधि मैत्री बनाइनेछ।

९.२८.३ तालिमलाई दूरशिक्षा (अनलाइन, भर्चुअल र विद्यालय-केन्द्रीत) मार्फत पनि सञ्चालन गरिनेछ।

९.२८.४ शिक्षक तथा प्रधानाध्यापकले प्रत्येक वर्ष निश्चित अवधिको कक्षा शिक्षण, विद्यालय विकास, विद्यार्थी मूल्याङ्कन, शिक्षामा नवप्रवर्तन लगायतका विषयमा तालिम लिनु पर्ने व्यवस्था गरिनेछ।

९.२८.६ शिक्षक र नेतृत्वकर्ताको पेशागत तथा व्यवस्थापकीय क्षमता विकासका लागि विषयगत, विधागत तथा जेनेरिक तालिमका मोड्युलर तथा ननमोड्युलर सामग्री डिजिटल तथा ननडिजिटल रुपमा विकास गरी कार्यान्वयनमा ल्याइनेछ।

९.२८.७ विद्यालयलाई अभिभावक शिक्षाका कार्यक्रमको सञ्चालनका लागि जिम्मेवार बनाउन सहजीकरण गरिनेछ।

९.२८.८ जनशक्तिको क्षमता विकासका कार्यक्रमलाई व्यवस्थित तरिकाले सञ्चालन गर्न गराउनका लागि क्षमता विकास खाका बनाई कार्यान्वयनमा ल्याइनेछ।

९.२८.९ शिक्षकको पेशागत विकासको लागि तीन पक्ष (शिक्षक स्वयम्, काम गरी राखेको विद्यालय र तालिम केन्द्र) लाई जिम्मेवार बनाउने व्यवस्था अवलम्बन गरिनेछ।

९.२८.१० शिक्षक तथा कर्मचारीको पेशागत विकासका (सेवाकालिन तालिम, सभा सम्मेलनमा सहभागिता र अनुसन्धान वा कार्यमूलक अनुसन्धान, पाठ अध्ययन, घटना अध्ययन, असल अभ्यास भएका शैक्षिक संस्थाहरुको अध्ययन भ्रमण, समसामयिक

विषयवस्तुहरुमा गोष्ठी, सेमिनार, आलोचनात्मक स्वाध्ययन, प्रकाशन, अनलाइन तथा भर्चुअल सिकाइ आदि) कार्यक्रम सञ्चालन गरिनेछ।

९.२८.११ पेशागत विकास कार्यक्रममा संलग्न निकायको स्तरोन्नति गरिनेछ। पेशागत विकासका लागि आधुनिक सूचना प्रविधिको प्रयोग गरिनेछ।

९.२८.१२ उत्कृष्ट विद्यालय शिक्षक, विद्यार्थी, कर्मचारी, व्यवस्थापन समिति, बोर्ड अफ ट्रष्टिज, समुदायमा आधारित गैर सरकारी संस्था एवं अभिभावक पहिचान गरी पुरस्कृत गर्ने गराउने प्रबन्ध मिलाइनेछ।

**नीति ९.२९ प्रदेश तहमा कार्यरत जनशक्तिको ज्ञान, सीप, तथा क्षमता विकास गर्ने।**

**कार्यनीति**

९.२९.१ प्रदेश भित्रका सबै क्षेत्रका जनशक्तिको पेशागत ज्ञान, सीप तथा क्षमताको प्रोफाइल बनाई त्यसको डिजिटाइज्ड गरिनेछ।

९.२९.२ जनशक्तिको ज्ञान, सीप तथा क्षमता विकास गर्न कार्ययोजना तयार गरी कार्यान्वयनमा ल्याइनेछ।

९.२९.३ समूह संवाद र सिकाइका लागि वेभ पोर्टल खडा गरिनेछ। आमने सामने तथा भर्चुअल तरिकाबाट थप ज्ञान, सीप तथा क्षमता अभिवृद्धि गर्ने प्रबन्ध गरिनेछ।

९.२९.४ स्वदेश तथा विदेशको अनुभव आदानप्रदान गर्न स्वदेशी तथा विदेशी संघ संस्थागत भगिनी सम्बन्ध राख्ने प्रबन्ध मिलाइनेछ।

९.२९.५ जनशक्तिबाट सम्पादित उल्लेख्य कामको विवरण अद्यावधिक गरी राख्ने प्रवन्ध मिलाइनेछ। सोही विवरणको आधारमा संघ, प्रदेश तथा अन्तर्राष्ट्रिय पुरस्कारमा दाबी गर्न पाउने व्यवस्था गरिनेछ।

**नीति ९.३० संघीय, प्रादेशिक र स्थानीय स्रोतका साथै बाह्य स्रोत समेत परिचालन गरी शिक्षाका प्राथमिकताका क्षेत्रमा लगानी बढाउने।**

**कार्यनीति**

९.३०.१ शिक्षामा प्रदेश सरकारको प्राथमिकता, कार्यक्रम, तिनका उपलब्धि र प्रभाव सहितको खाका तयार गरी सार्वजनिक गरिनेछ।

९.३०.२ विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघ संस्था एवं गैरसरकारी संस्थालाई शिक्षाका प्राथमिकता प्राप्त क्षेत्रमा कार्यक्रम सञ्चालन गर्न आवश्यक व्यवस्था मिलाइनेछ।

९.३०.३ राष्ट्रिय तथा अन्तर्राष्ट्रिय मञ्चमा गरिएका प्रतिबद्धता अनुरुप सार्वजनिक बजेटको निश्चित हिस्सा शिक्षामा लगानी गर्ने व्यवस्था मिलाइनेछ।

९.३०.४ बजेट तथा कार्यक्रमको कार्यान्वयन अवस्था र नतिजा (प्रभावकारिता र दक्षता) को प्रतिवेदन सार्वजानिक गर्ने र सोको मूल्याङ्कनको आधारमा कार्यक्रम अद्यावधिक गरिनेछ।

९.३०.५ उच्च शिक्षा (post-secondary education) को लगानी लागत साझेदारी (cost-sharing) को सिद्धान्तमा आधारित हुनेछ।

**नीति ९:३१ निजी लागानीमा खुलेका विद्यालय, महाविद्यालय तथा प्राविधिक धारका कार्यक्रम सञ्चालन गर्ने संस्थालाई क्रमशः सार्वजानिक र सामुदायिक संस्थाका रुपमा रुपान्तरण गर्ने।**

**कार्यनीति**

९.३१.१ निजी लगानीका विद्यालयको नियमनका लागि स्थानीय तहसँग निम्नानुसार सहकार्य गरी सहयोग गरिनेछ :

- ९.३१.१.१ निजी विद्यालयलाई गुठी एवं सहकारी संस्थामा रुपान्तरण गर्न,
- ९.३१.१.२ विद्यालय क्षेत्र परिभाषित गर्दै निजी लगानीका विद्यालयको संख्या विद्यालय जाने विद्यार्थी र इलाकामा रहेका विद्यालयको संख्याका आधारमा विद्यालय मिलान गर्न,
- ९.३१.१.३ निजी लगानीका विद्यालयको शिक्षण शुल्क, भौतिक सुविधाको मापदण्ड, पाठ्यपुस्तकको छनौट र शिक्षाको माध्यम निर्धारण र पालना गराउन,
- ९.३१.१.४ सामाजिक दायित्व अन्तर्गत सार्वजनिक तथा धार्मिक प्रकृतिका विद्यालयसँग सहकार्य गर्ने प्रवन्ध गर्न,
- ९.३१.१.५ दलित, जनजाति, अपाङ्गता भएका व्यक्ति तथा आर्थिक रुपले बिपन्नको पहुँच सुनिश्चित गर्न,
- ९.३१.१.६ शैक्षिक संस्थाको नाम राष्ट्र तथा राष्ट्रियता झल्किने गरी राख्न सहजीकरण गर्न,
- ९.३१.१.७ एकेडेमी, इन्टरनेशनल जस्ता थप पहिचान जनाउनका लागि चाहिने शर्त र सेवाको निर्धारण र पालना गराउन।

९.३१.२ कक्षा १२ सम्म पूर्णरुपले सार्वजनिक शिक्षा (Public Education) को प्रत्याभूति गर्न स्थानीय तहलाई सहयोग गरिनेछ।

९.३१.३ निजी लगानीमा सञ्चालित प्राविधिक विषयका शैक्षिक संस्थाहरुलाई क्रमशः सामुदायिक वा सहकारी मोडलबाट सञ्चालित संस्थाको रुपमा विकास गर्न थप सहयोग गरिनेछ। यसका लागि लागत साझेदारी (Cost Sharing) को मोडल अपनाइने छ। यसो गर्दा यस अघि सञ्चालनमा रहेका सबै निजी विद्यालयलाई दिइएको अवधि भित्र यस अवधारणामा आउने व्यवस्था मिलाइनेछ।

९.३१.४ आधारभूत तहमा निःशुल्क तथा अनिवार्य र माध्यमिक तहमा निःशुल्क शिक्षाको अनुभूति गर्न गराउन निजी लगानीका शैक्षिक संस्थाको व्यवस्थापनका लागि स्थानीय तहसँग निम्नानुसारका क्षेत्रहरुमा सहकार्य गरिनेछ :

९.३१.४.१ शैक्षिक संस्थाको जोनिङ्ग तथा मिलान गर्न।

९.३१.४.२ शैक्षिक संस्थाको जोनिङ्ग बाहिरका विद्यार्थीका लागि आवासीय व्यवस्था गर्न।

९.३१.४.३ नर्सरी, के.जी. लगायतका कक्षा १२ सम्मका कक्षा सञ्चालन गर्ने शैक्षिक संस्थालाई क्रमशः प्राविधिक बहुप्राविधिक, विशिष्ट विद्यालयमा रुपान्तरित गर्न।

९.३१.४.४ पहुँचको समस्या भएका क्षेत्रमा सरकारको लगानी सहित निश्चित अवधिका लागि निजी विद्यालय सञ्चालन गर्न।

९.३१.४.५ एक आपसमा मिलान गरी ती विद्यालयलाई निजी लगानीका विशिष्टिकृत विद्यालय वा महाविद्यालयमा रुपान्तरित हुने व्यवस्था गर्न।

९.३१.४.६ निजी लगानीका शिक्षालयहरुले सरकारले तोके बमोजिम दलित, अपाङ्गता भएका व्यक्ति तथा विपन्नहरुको पहुँच सुनिश्चित गर्नका लागि छात्रवृत्ति उपलब्ध गराउन।

**नीति ९.३२: भाषा प्रशिक्षण केन्द्र, पूर्व तयारी कक्षा र ब्रिज कोर्ष जस्ता शैक्षिक कार्यक्रमको अनुमति तथा नियमन गर्ने।**

**कार्यनीति**

९.३२.१ सञ्चालनमा रहेका भाषा प्रशिक्षण केन्द्र, पूर्व तयारी कक्षा र ब्रिज कोर्ष कार्यक्रमको प्रोफाइल तयार गरिनेछ।

९.३२.२ निश्चित शर्त एवम् मापदण्डका आधारमा भाषा प्रशिक्षण केन्द्र, पूर्व तयारी कक्षा र ब्रिज कोर्ष कार्यक्रमको अनुमति प्रदान गरिनेछ।

९.३२.३ सञ्चालनमा रहेका भाषा प्रशिक्षण केन्द्र, पूर्व तयारी कक्षा र ब्रिज कोर्ष कार्यक्रमको अनुगमन, निरीक्षण र नियमन गरिनेछ। त्यसको आधारमा नवीकरणको व्यवस्था मिलाइनेछ।

९.३२.४ ब्रिज कोर्ष, भाषा शिषण (IELTS, TOEFL, PTE, GRE, SAT), पूर्व तयारी कक्षाको शुल्कका लागि निश्चित मापदण्ड बनाई कार्यान्वयन गर्ने व्यवस्था मिलाइनेछ।

**नीति ९.३३ प्रदेशको शैक्षिक उन्नयनको लागि शैक्षिक व्यवस्थापन सूचना प्रणालीको विकास र प्रयोग गर्ने।**

**कार्यनीति**

९.३३.१ प्रादेशिक एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणाली (पि आइ इ एम आइ एस) स्थापना गरी नियमित रुपमा सञ्चालन र अद्यावधिक गरिनेछ।

९.३३.२ उत्कृष्ट स्थानीय तह, विद्यालय, महाविद्यालय तथा विश्व विद्यालयका शिक्षक, प्राध्यापक, कर्मचारी, व्यवस्थापन समिति, बोर्ड अफ ट्रष्टिज, विद्यार्थी र अभिभावकलाई पुरष्कृत गर्न शैक्षिक व्यवस्थापन सूचना प्रणालीको प्रयोग गरिनेछ।

९.३३.३ शैक्षिक व्यवस्थापन सूचना प्रणालीलाई स्थानीय, प्रदेश, संघीय तथा अन्तर्राष्ट्रिय तहसम्म जोड्ने प्रबन्ध मिलाइने छ।

९.३३.४ स्थानीय, प्रदेश तथा संघीय तहमा एकै प्रकृतिको सूचना राख्ने खाका तयार पारिनेछ।

९.३३.५ उपलब्ध सूचना संकलन गरी अपुग सूचना संकलन गर्ने एकीकृत एप्स बनाई तथ्यांक संकलन गरिनेछ ।

९.३३.६ विद्यार्थीको पारिवारिक, आर्थिक, सामाजिक तथा शैक्षिक जानकारीहरु एकै साथ प्राप्त गर्ने अन्तर विषयक (Inter-disciplinary) तथ्याङ्क व्यवस्थापनको प्रबन्ध मिलाइनेछ।

९.३३.७ तथ्याङ्कलाई संघसंस्था तथा शोधकर्ताले त्यसको उपयोग गर्न पाउने व्यवस्था गरिनेछ तर व्यक्तिगत गोपनीयता सुनिश्चित गर्न प्रयोगकर्ताले शर्तनामामा सही गर्नु पर्नेछ।

# १०. नीति कार्यान्वयनको संस्थागत तथा कानूनी व्यवस्था

यस नीतिको कार्यान्वयनका लागि देहायवमोजिम संस्थागत संयन्त्र र कानुनी प्रवन्ध गरिनेछ :

१०.१ यस नीतिको प्रभावकरी कार्यन्वयनका लागि प्रदेश शिक्षा समन्वय परिषद्, प्रदेश प्राविधिक तथा व्यावसायिक शिक्षा एवं तालिम परिषद्, पाठ्यक्रम विकास तथा समन्वय परिषद्, प्रदेश मानव स्रोत विकास परिषद्, माध्यमिक शिक्षा (कक्षा १०) परीक्षा बोर्ड, प्रदेश विश्वविद्यालय, प्रदेश शिक्षक सेवा आयोग लगायतका संस्थागत संरचना आवश्यकता र प्राथमिकताका आधारमा प्रदेश सरकारले प्रबन्ध गर्नेछ।

१०.२ तीनै तहका सरकार, निजी लगानीकर्ता, सहकारी तथा विकास साझेदार तथा अभिभावक तथा घरपरिवारले शिक्षामा गर्ने लगानी खाका सम्वन्धित निकायको सहकार्यमा सामाजिक विकास मन्त्रालयले तय गर्नेछ।

१०.३ प्रदेश शिक्षा नीति, २०७७ लागू भएपछि त्यसको अनुगमन, मूल्यांकन तथा संशोधनका लागि सामाजिक विकास मन्त्रीको अध्यक्षतामा प्रदेश स्तरीय समिति बनाइनेछ। सो समितिमा प्रदेश सरकारको प्रतिनिधि, स्थानीय तहको प्रतिनिधि, विश्वविद्यालयको प्रतिनिधि, प्राविधिक तथा व्यावसायिक शिक्षा एवं तालिम परिषद्को प्रतिनिधि, विशेष शिक्षाको प्रतिनिधि तथा स्वतन्त्र विज्ञहरु रहनेछन्। निश्चित अवधिको लागि प्रतिवर्ष बन्ने तथा बनाइने यस्तो समितिले दिएको प्रतिवेदनको आधारमा नीति, नियमावली, निर्देशिका, कार्यविधि तथा कार्यक्रमहरुमा आवश्यक संशोधन गरी शिक्षामा अपेक्षित उद्देश्य हासिल गरिनेछ। यसै गरी मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय र सामाजिक विकास मन्त्रालयबाट पनि नियमित रुपमा यस नीतिको कार्यान्वयनको अनुगमन तथा मूल्याङ्कन गर्ने व्यवस्था गरिनेछ।

१०.४ नीति प्रभावकारी रुपमा कार्यान्वयन गर्न देहायका ऐन, नियम, निर्देशिका तथा कार्यविधिहरु तर्जुमा गरी कार्यन्वयन गरिनेछ :

(क) प्रदेश शिक्षा ऐन तथा नियमावली,

(ख) प्रदेश प्राविधिक तथा व्यावसायिक शिक्षा एवं तालिम परिषद् ऐन, नियम संशोधन,

(ग) प्रादेशिक उच्च शिक्षा ऐन तथा नियमावली

(ङ) नीति भएमा व्यवस्थाको कार्यान्वयनका लागि आवश्यकता अनुसार ऐन, नियम, निर्देशिका र कार्यविधिहरु।

## ११. स्रोत साधनको व्यवस्था

यस नीतिको प्रभावकारी कार्यन्वयनका लागि प्रदेश सरकारले आवश्यक संरचना, संयन्त्र, जनशक्ति तथा स्रोत र साधनको व्यवस्था गर्नेछ। यसैगरी संघीय सरकारबाट शर्सत वित्तीय हस्तान्तरण, विशेष तथा समपूरक अनुदानबाट समेत स्रोत तथा साधनको व्यवस्था हुनेछ। यसैगरी स्थानीय तहले आवश्यक स्रोत र साधनको व्यवस्था गरी नीतिको कार्यान्वयनका लागि सहकार्य र साझेदारी हुनेछ। सरकारका अतिरिक्त गैरसरकारी संस्था, निजी र सहकारी क्षेत्रबाट समेत सहकार्य हुनेछ। व्यक्ति, समुदाय र अभिभावकलाई स्वेच्छिक स्रोत र साधन प्रदान गर्न प्रोत्साहित गरिनेछ। विकासका साझेदारबाट समेत यस नीतिको कार्यान्वयनका लागि वित्तीय सहयोग गर्न आवश्यक व्यवस्था मिलाइनेछ।

## १२. नीति कार्यान्वयनका जोखिम तथा जोखिम न्यूनीकरणका उपायहरु

**यस नीतिको प्रभावकारी कार्यान्वयनमा आउनसक्ने संभावित जोखिमहरु यस प्रकार रहेका छन् :**

क) अभ्यासको कमी

ख) कर्मचारी, शिक्षक, प्राध्यापक, पदाधिकारी तथा स्थानीय सरकारको नेतृत्वहरु बीचको समन्वय र सहकार्य

ग) संघीय सरकारको नीति र नीतिको कार्यान्वयनमा समन्वय र सहकार्य, संघीय कानून तर्जुमा

घ) निजी लगानीका विद्यालयहरुको व्यवस्थापन

ङ) विश्वविद्यालय तथा आङ्गिक र सम्बन्धन प्राप्त महाविद्यालयको व्यवस्थापन

च) नेतृत्वमा हुने स्थिरता

छ) लगानीको ढाँचा, स्रोतको उपलब्धता

ज) स्थानीय तहसँगको समन्वय र सहकार्य।

माथिका अपेक्षित तथा अनपेक्षित जोखिमको आभाष हुनासाथ प्रदेश सरकारले सहमति, सहकार्य तथा समन्वय गरी कार्य सम्पादन गर्नेछ ।जोखिम न्यूनीकरणका लागि सरोकारवालासँग पर्याप्त छलफल तथा अन्तरक्रिया गरी नीति कार्यान्वयको अनुकूल वातावरण सिर्जना गर्ने प्रयास गरिनेछ। प्रदेश शिक्षा समन्वय परिषद् र नीतिको अनुगमन तथा मूल्याङ्कन समितिमा स्थानीय तह र अन्य सरोकारवालाको सहभागिता सुनिश्चित गरिनेछ। प्रदेश सरकारको स्रोतका अतिरिक्त गैरसरकारी संस्था र संघीय सरकारको समन्वयमा विकास साझेदार र अन्तर्राष्ट्रिय संघसंस्थाको स्रोतको समेत उपयोग गरिनेछ।

## १३. नीति परिमार्जन तथा संशोधन

क) प्रदेश सरकारले यस नीतिलाई आवश्यकता अनुसार संशोधन तथा परिमार्जन गर्नेछ।

ख) नीतिमा उल्लिखित विषयवस्तुको व्याख्या तथा पुष्टायाईं सामाजिक विकास मन्त्रालयले गर्नेछ।